# हल्दीबारी राजपत्र

हल्दीबारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, जेष्ठ ५ गते २०८० साल ( संख्या ३५

## भाग २

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं ३५

# हल्दीबारी गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कामकाजलाई व्यवस्थित गर्न बनाइएको कार्यविधि, २०८०

<u>प्रस्तावना:-</u> कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम हल्दीवारी गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कामकाजलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी हल्दीवारी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:-</u> १ यो कार्यबिधिको नाम " हल्दीबारी गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कामकाजलाई व्यवस्थित गर्न बनाइएको कार्यविधि, २०८०"

२. यो कार्यबिधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात हल्दीबारी गाउँपालिका झापामा लागु हुने छ ।

२. <u>परिभाषा:-</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अध्यादेश" भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० लाई सम्झनुपर्दछ ।

(२) "कर्मचारी" भन्नाले हल्दीवारी गाउँपालिकाको स्थानीय सेवामा बहालमा रहेको स्थायी कर्मचारीलाई सम्झनुपर्दछ ।

(२) "कार्यालय" भन्नाले हल्दीवारी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, हल्दीवारी, झापालाई सम्झनुपर्दछ ।

(३) "गाउँपालिका" भन्नाले हल्दीवारी गाउँपालिका, झापालाई सम्झनुपर्दछ ।

(४)"गाउँ कार्यपालिका" भन्नाले हल्दीवारी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(५) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग, विराटनगरलाई सम्झनुपर्दछ ।

(६) “समिति” भन्नाले अध्यादेशको दफा २८ को (३) बमोजिमको समिति सम्झनुपर्दछ ।

३. <u>सूचना प्रकाशन गर्ने:-</u>अध्यादेश बमोजिम गाउँपालिकाको स्थानीय सेवामा कार्यरत (१) कर्मचारीको तहवृद्धिका लागि समितिले प्रत्येक वर्षको असार महिना तथा पौष महिनाको पहिलो हप्ताभित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुका लागि कम्तिमा १५ दिनको म्याद दिई दरखास्त आह्वान सम्बन्धि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचनापाटी, सबै वडा कार्यालयहरुको सूचनापाटी, गाउँपालिकाको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

४. **सिफारिस समिति:-** )१अध्यादेश बमोजिम तहवृद्धि गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक ( बमोजिम तहवृद्धि सिफारिस समिति गठन (३) वर्षमा अध्यादेशको दफा २८ को उपदफा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्यालयको कर्मचारी प्रशासन हेर्ने शाखाले काम गर्नेछ ।

(३) समितिले आफ्नो बैठकमा कर्मचारी प्रशासन हेर्ने शाखाको प्रमुख तथा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधि:-** (१) स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पद भन्दा एक तह मुनीको पदमा पाँच बर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मुल्याङ्कनमा औसत नब्वे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समुह वा उपसमुहभित्र तह वृद्धि गरिनेछ :-

| क्र स | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | पाँचौं | छैटौं | सेवा समुहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धि सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

| | | | | |
|---|---|---|---|---|
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गर्न पर्नेछ । सो प्रयोजनको लागि कम्तीमा एक महिना अगावै सम्बन्धित स्थानीय तहले आफ्नो वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न प्रत्येक स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना बरिष्ठ कर्मचारी रहेको तह वृद्धि सिफारिस समिति हुनेछ ।

(४) तह वृद्धि हुँदा त्यस्तो पद स्वत: माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम हुनेछ ।

(५) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

(६) यस दफा बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

(७) अध्यादेशको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समुह वा उपसमुहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालिन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा कम्तिमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ :-

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेका अन्य सेवा | स्थानीय स्वास्थ्य सेवा |
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तीमा तीन वर्ष | सेवा समुहसँग सम्बन्धित विषयमा कम्तीमा | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानुनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

| | | | |
|---|---|---|---|
| | सेवा अवधि पूरा गरेको | स्नातकोत्तर तह उत्तीर्ण गरेको | |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समुहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानुनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समुहसँग सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानुनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायक पाँचौं | सहायक चौथो तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समुहसँग सम्बन्धित विषयमा कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानुनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

६. <u>तह वृद्धि सम्बन्धी विशेष व्यवस्था:-</u>

(१) अध्यादेशको दफा ८(१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्तिपत्र दिनेछ ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौं, सातौं, र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी क्रमश: छौटौं, आठौ र दशौं तहमा एक तह वृद्धि गरिनेछ ।

(३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिने । यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ ।

(५) अध्यादेशको दफा ४ को उपदफा(५) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(६) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था:- कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएको कर्मचारीको हकमा दरबन्दी / पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ ।

७. <u>जेष्ठता कायम:-</u> तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुने ।

८. <u>बाधा अडकाउ फुकाउने:-</u> कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर / गाउँ कार्यपालिकामा रहनेछ ।

९. <u>तह वृद्धि गर्न नहुने:-</u> अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का गरिनेछ:-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा वढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) दफा ४२ बमोजिम सेवा वा समुह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समुह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

१०. <u>जानकारी दिनु पर्ने:-</u> यस दफा बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

११. <u>उजुरी/ गुनासो:-</u> तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/ गुनासो गर्न सकिनेछ ।

१२. <u>प्रचलित कानुन बमोजिम हुने:-</u> यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**फाराम दर्ता नं**

**मितिः**

अनुसुची १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

हल्दीवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हल्दीबारी , झापा, कोशी प्रदेश

**उम्मेद्‌वारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी शाखा**

(तहवृद्धि आवेदन फाराम)

१. सूचनाको विवरणः

तहवृद्धिको सूचना नम्बरः ............................ मितिः..................................

सेवा/समूहः.............................. तहवृद्धि हुने तहः....................

२. उम्मेद्वारको विवरणः

उम्मेद्वारको नाम,थर (देवनागरीमा).............................................

उम्मेद्वारको नाम,थर(अंग्रेजी ठूलो अक्षरमा).....................................

ठेगानाः.................................... वहालमा रहेको कार्यालयः..........................

बाबुको नाम.............................. हालको सेवाः..........................................

आमाको नामः............................... समूह/उपसमूहः....................................

बाजेको नामः............................... पदः............................................

नागरिकता प्रमाणपत्र नं.................. कर्मचारी संकेत नं.............................

जारी जिल्लाः ................................ मोबाइल नं......................................

३. सेवाको विवरणः (शुरुदेखि हालसम्मको)

| क्र.सं | पदको नाम, श्रेणी/तह, सेवा, समूह/उपसमूह | कार्यालयको नाम | नियुक्ती वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन/सरुवा) | स्थायी नियुक्ती गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

४. हालको तहमा वा समायोजन हुनु भन्दा पहिलाको समान तहको पदमा तहवृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि......................वर्ष, ..........महिना, ............दिन

५. तहवृद्धिका लागि योग्य भए/नभएको अवस्थाः

क. विभागीय कारबाही भएको/नभएको .........................

भएको भए कुन कारबाही भएको हो? सकिने अवधि उल्लेख गर्नुहोस.......................

ख. अध्यादेशको दफा २८ बमोजिम तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको....................

ग. असाधारण/ अध्ययन विदामा बसेको/नबसेको ......................

बसेको भए सोको अवधि उल्लेख गर्नुहोस.............................

घ. निलम्बनमा परेको/नपरेको...................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषद्को प्रमाणपत्रको अवधिः.................................

६. माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्नेः

कर्मचारीको नाम,थर ...........................

संकेत नं .........................................

पद...........................................

सही र मितिः................................

| ल्याप्चे सहीछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

हल्दीबारी गाउँपालिका

तहवृद्धिको निर्णय ( कार्यालयको प्रयोजनका लागि )

क. आवेदक कर्मचारीले समायोजन हुनु पूर्व र समायोजन पश्चात गरी हालको तहमा पूरा गरेको सेवा अवधिः........................ वर्ष, ......................महिना, ............................दिन ।

ख. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषतः

अ. आ.व. ............../................ को प्राप्ताङ्क ..........................................

आ. आ.व. ............../................ को प्राप्ताङ्क ..........................................

इ. आ.व. ............../................ को प्राप्ताङ्क ..........................................

औषत प्राप्ताङ्क ......................................................

ग. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा (१) तथा तहवृद्धि कार्यविधि,२०८० को दफा ६ को उपदफा (१) बमोजिमको न्यूनतम योग्यता तथा मापदण्ड पुरा गरेको देखिएकाले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समूह, उपसमूह र पदमा एक तहवृद्धि गर्ने निर्णय गरिएको छ।

निर्णय मितिः-..........................................    तहवृद्धि निर्णय लागू हुने मितिः-.........................

तहवृद्धि हुने तह- ........................................    सेवाः-..............................................

समूह/उपसमूहः-...........................................    पदः.................................................

| | | |
|---|---|---|
| ......................... | ......................... | ....................... |
| सदस्य | सदस्य | संयोजक |
| नाम,थर | नाम,थर | नाम,थर |
| संकेत नं | संकेत नं | संकेत नं |

(कार्यालयको छाप)

अनुसुची २

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

(कार्यालयको लेटर हेड)

**क. संघीय लोकसेवा आयोगबाट छैटौं तहमा सिफारिस भई आउने कर्मचारीका लागि**

**मितिः** ..............

**विषयः** सातौं तह कायम गरिएको सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८ उपदफा १६ एवम् स्थानीय सेवाका कर्मचारीहरुको तह बृद्धि सम्बन्धि कार्यविधि २०८० को दफा ६ उपदफा ४ बमोजिम यस कार्यालयको मिति ........ गतेको निर्णय अनुसार तपाईलाई देहाय बमोजिम तह कायम गरिएको छ। तहवृद्धि भएको पदको ज्येष्ठता प्रचलित कानून वा कार्यविधि बमोजिम हुनेछ ।

तह वृद्धि हुनु भएकोमा बधाई छ।

| **हालको पद,तह, सेवा/समूह, कार्यालय** | **तह बृद्धि भएको पद,तह, सेवा/समूह, कार्यालय** |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः |

श्री ...............

(संकेत नं...............)

(................)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।

श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं।

श्री आर्थिक प्रशासन शाखा, हल्दीवारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झापा ।

**ख. अन्य सेवाबाट समायोजन भई आउने कर्मचारीका लागि**

(कार्यालयको लेटर हेड)

**मितिः** .............

**विषयः** तह वृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ........... बमोजिम सिफारिस समितिको मिति ........ गतेको सिफारिस अनुसार तपाईलाई देहाय बमोजिम तह वृद्धि गरिएको छ। तहवृद्धि भएको पदको ज्येष्ठता प्रचलित कानून बमोजिम हुनेछ ।

तह वृद्धि हुनु भएकोमा बधाई छ।

| हालको पद,तह, सेवा/समूह, कार्यालय | तह भएको पद,तह, सेवा/समूह, कार्यालय |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः |

श्री ..............

(संकेत नं.......)

(................)

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।

श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं।

श्री आर्थिक प्रशासन शाखा, हल्दीवारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झापा ।

**आज्ञाले**

**इन्द्र प्रसाद चापागाई**

**प्रमुख प्रशासकीय अधिकृत**